# हिमा गाउँपालिकाको विनियोजन ऐन
## २०८१

सभाबाट स्वीकृत मितिः-२०८१।०३।३१

हिमा गाउँपालिका,जुम्ला

कर्णाली प्रदेश,नेपाल

आ.व २०८१/०८२

हिमा गाउँपालिकाको आर्थिक वर्ष २०८१।०३।३१

Scanned with CamScanner

## हिमा गाउँपालिका को विनियोजन ऐन

हिमा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।
सभाबाट स्वीकृत मितिः२०८१।०३/३१

**प्रस्तावनाः** हिमा गाउँपालिकाको आर्थिक वर्ष २०८१।०३।३१ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बान्छनीय भएकाले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम हिमा गाउँपालिकाको गाउँ सभाले आफ्नो १६ औ गाउँ सभामा यो ऐन बनाएको छ ।

१) <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम हिमा गाउँपालिकाको विनियोजन ऐन २०८१ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२) <u>आर्थिक वर्ष २०८१।।०८२ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकारः</u>

(१)आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र बित्तय व्यवस्थाको रकम समेत गरी रकम रु.३९४७९०। (अक्षरुपी उनानचालिस करोड चार लाख सात सय नब्बे) मात्र नवढाई निर्दिष्ट गरीए बमोजिम संचित कोष बाट खर्च गर्न सकिने छ।

३) <u>विनियोजनः</u> (१) यस ऐन द्धारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त हिमा गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(१) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकमान्त्रण गर्न सक्ने छ । यसरी रकमान्त्रण गर्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको दश प्रतिसतमा नवढने गरी कुनै एक वा एक भन्दा वढी शिर्षकहरुवाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकममान्त्रण गर्न तथा निकाशा खर्च जनाउन सकिने छ । पूंजिगत खर्च र वित्तीय ब्यबस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ रकमान्त्रण गर्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र रकमान्त्रण गर्न सकिने छैन ।

तर चालु तथा पूंजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्त्रण गर्न सकिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको दश प्रतिसत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुमा रकमान्त्रण गर्नु परेमा सभाको स्वीकर्ती लिनु पर्ने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकवाट अर्को सो शीर्षकको जम्मा स्वीकृत रकमको दश प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा सभाको स्वीकृत लिनु प्रर्नेछ ।

Scanned with CamScanner

## अनुसुचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९(२) बमोजिम
संचित कोषबाट विनियोजन हुने रकम
हिमा गाउँपालिका, जुम्ला

रु. हजारमा

| क.सं. | बजेटका स्रोतहरु | आगामी आ.ब. २०८१/०८२ को बजेट प्रक्षेपण | | कैफियत |
|---|---|---|---|---|
| | | अनुमानित आय | अनुमानित व्यय | |
| १ | संघीय सरकार वित्तिय समानिकरण | ८४८०० | ८४८०० | |
| २ | संघीय सरकार सशर्त अनुदान | १७६०५१ | १७६०५१ | |
| ३ | संघीय सरकार राजश्व बाँडफाँड | ७०२०० | ७०२०० | |
| ४ | संघीय सरकार विशेष अनुदान | ८५०० | ८५०० | |
| ५ | संघीय सरकार समपुरक अनुदान | ० | ० | |
| ६ | प्रदेश सरकार वित्तिय समानिकरण | ९१३४ | ९१३४ | |
| ७ | प्रदेश सरकार सशर्त अनुदान | ११९७५ | ११९७५ | |
| ८ | प्रदेश सरकार विशेष अनुदान | ० | ० | |
| ९ | प्रदेश सरकार समपुरक अनुदान | १२००० | १२००० | |
| १० | आन्तरीक स्रोत | २५०० | २५०० | |
| ११ | गैह्र सरकारी संस्थाहरुको कार्यक्रम | ११६३० | ११६३० | |
| | जम्मा | ३९४७९० | ३९४७९० | |

Scanned with CamScanner